फोन नं. ९८५७०४६०३६

पाल्हीनन्दन गाउँपालिका
Palhinandan Rural Municipality
गाँउ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province

पत्र संख्या (Letter No.) :०७९।०८०
चलानी नं. (Ref. No.) :

सूचना । सूचना।। सूचना।।।

(प्रथम पटक प्रकाशित मिति २०७९।१२।१२)

प्रस्तुत विषयमा नेपालको संविधान २०७२ अनुसार नागरिकहरुलाई प्रदत्त मौलिक अधिकारहरु मध्ये सुरक्षित आवासको अधिकार पनि एक हो । हाल गरिबीको रेखामुनि रहेका पराल वा खरको छाना भएका घर परिवारहरुलाई जस्ताको पाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनमा रहेको हुनाले पाल्हीनन्दन गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९।८।१६ गतेको निर्णय अनुसार भवन आवास तथा शहरी विकास मन्त्रालयबाट प्राप्त १६० घर सबै वडामा बराबर विभाजन गर्ने गरी लगत संकलन गरी प्रकृया अगाडी बढाउने निर्णय भए अनुसार यस पाल्हीनन्दन गाउँपालिका अन्तर्गत बसोबास गर्ने मानिसहरुले आ आफ्नो सम्बन्धित वडा कार्यालयहरुबाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी तपसिल अनुसारका कागजातहरुको फोटोकपी एक एक प्रति निवेदन साथ संलग्न गरी सम्बन्धित वडा कार्यालयहरुमा मिति २०७९।१२।१८ गते भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिलः

१.नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपी वा मतदाता परिचय पत्रको फोटोकपी ।
२.लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल स्याउला अस्वेस्टस आदि आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामग्रीबाट छाएको घरको फोटोको प्रमाणित फोटोकपी ।
३.गरिबीको रेखामुनि रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घर परिवार भएको प्रमाणित कागजातको फोटोकपी ।
४.जग्गा धनि प्रमाण पुर्जा वा घर जग्गाको तिरो तिरेको रसिद वा शुल्क बुझाएको प्रमाणको फोटोकपी ।
५.विगत वर्ष देखि त्यस वडामा स्थायी बसोवास गर्दै आएको प्रमाणको प्रमाणित फोटोकपी ।
६.प्रकोपको कारण घरवार विहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित फोटोकपी ।
७.गरिबीको रेखामुनि रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानिय तहको सिफारिस पत्रको प्रमाणित फोटोकपी ।
८.विपन्न विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित फोटोकपी ।

बैजु प्रसाद गुप्ता (दीपक)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका

Scanned with CamScanner

पाल्हीनन्दनगाउँपालिका
फोन न.९८५७०४६
Palhinandan Rural Municipality
गाँउकार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.), लुम्बिनीप्रदेश, नेपाल
Kushma, Nawalparasi (Ba.Su.Pa.), State of lumbininepal

पत्र संख्या(Letter No.) ०७९/८०
चलानी नं.(Ref. No.) १६८६

मिति : २०७९/१२/१२

**बिषय** : निवेदन फाराम संकलन गरी पठाउने सम्बन्धमा ।

**श्री वडा कार्यालहरु सबै(१देखि६)**

पाल्हीनन्दन गाउँपालिका

नवलपरासी (ब.सु.प)

प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्न लाभग्राही छनौटको कार्य अगाडि बढाउने प्रयोजनका लागि सम्भावित लाभग्राहीहरुको निवेदन संकलन गर्ने उद्देश्यले पाल्हीनन्दन गाउँकार्यपालिकाको मिति २०७९/०८/१६ गतेको बैठकको निर्णय अनुसार भवन आवास तथा शहरी विकास मन्त्रालयबाट प्राप्त १६० घर सबै वडामा बराबर बिभाजन गर्ने गरी गाउँपालिकाको मिति :२०७९/१२/१२ गतेको प्रकाशित सूचना बमोजिम सम्भावित लाभग्राहीहरुको निवेदन संकलन गरी मिति:२०७९/१२/१८ गते भित्र गाउँपालिका कार्यालयमा पठाउनु हुन अनुरोध छ । साथै तोकिएको म्याद भित्र निवेदन नबुझाए गाउँपालिका कार्यालय जवाफदेही हुने छैन । निवेदन फारम र गाउँपालिकाबाट प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

बैजु प्रसाद गुप्ता (दिपीका)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका



Scanned with CamScanner

## आवेदन फाराम

| |
|---|
| फोटो |

दर्ता नं :
मिति : २०७९/

श्रीमान् कार्यालय प्रमुख ज्यु
पाल्हिनन्दन गा.पा. नवलपरासी (ब.सु.प.)

पाल्हीनन्दन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैलासपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

विषय : सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।

महोदय

उपरोक्त सम्बन्धमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत त्यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालयबाट मिति २०७९/१२/१२ मा प्रकाशित सूचना अनुसारको सुरक्षित नागरिक आवास कार्यान्वयन -पहिलो संशोधन) कार्याबिधी **२०७६** परिच्छेद **२** दफा **३** र **४** को लक्षित वर्ग/अति विपन्न एवं लाभग्राही छनौटको आधारहरु भित्र म/हामी पनि पर्ने भएकाले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छाना मुनि ल्याउने बसोबासको व्यवस्था मिलाई दिनु हुनको लागि तपसिलका कागजातहरु यसै निवेदनको साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। पेश गरेको प्रमाणहरु सही छ, झुठ्ठा ठहरे कानुन बमोजिम सहुला बुझौला ।

| क्र.स. | तपसिल | कैफियत |
|---|---|---|
| १. | निवेदन वा घरमुलीको नेपाली नागरिकताको प्रमाणपत्र को प्रतिलिपी | छ ☐ छैन ☐ |
| २. | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल,स्याउला,आसबेसटर आदी आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट प्रमाणीत प्रतिलिपी | छ ☐ छैन ☐ |
| ३. | गरिबीको रेखा मुनि रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरि रहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपी | छ ☐ छैन ☐ |
| ४. | जग्गा धनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी | छ ☐ छैन ☐ |
| ५. | विगत देखि त्यस स्थानमा स्थाइ बसोबास गर्दै आएको प्रमाणको प्रतिलिपी | छ ☐ छैन ☐ |
| | प्रकोपको कारण घरबार बिहिन भएको हकमा जिल्ला विपद ब्यस्थापन समितिको निर्णय सहित सम्बन्धीत जिल्ला प्रशासन कार्यालयको सिफारीस | छ ☐ छैन ☐ |
| | गरिबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानिय तहको सिफारिस | छ ☐ छैन ☐ |
| | विपन्न विवरण खुल्लने अन्य कुनै प्रमाण भए सोको फोटोकपि | छ ☐ छैन ☐ |

(मैले पेश गरेको प्रमाणहरू सही छ, झुठा ठहरे कानून बमोजिम सहुला बुझाउँला)

निवेदकको
सहि : ..............................
नाम थर : ........................................
बाबु/ पति को नाम : ............................
बाजे ससुराको नाम : ............................
परिवार संख्या : ....................
सम्पर्क नम्बर : ..........................................

हालको ठेगाना
गाउँपालिका पाल्हिनन्दन
वडा नं : .............
गाउँ /टोल ............................
निवेदकको औठा छाप

| | |
|---|---|
| | |

Scanned with CamScanner

नोट - एउटै चुलोमा पकाएर खाना खाने तथा एउटै घरुको छाना मुनि बस्ने परिवारका सबै सदस्यहरुलाइ सगोलका परिवार मानिनेछ । पकाउने अर्को चुलो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाइ सगोलको परिवार मानिदैंन ।एउटा सगोलका परिवारले एउटा मात्र फारम भर्न पाइनेछ । झुठो विवरण पेश गरेको पाइएमा सो कार्यक्रमबाट बन्चित गरि कानुनि कार्वाही गरिने छ ।

## कार्यालय तर्फबाट सिफारिस / प्रमाणित

गा.पा. /वडा : ................................

दस्तखत : ................................

नामथर : ................................

पद : ................................

कार्यालयको छाप :

---

**यो फारम भरि पेश गर्दा कुनै शुल्क लागने छैन । र आवास घर पाइसकेको ले पुनः फारम भर्न नपाउने ।**

Scanned with CamScanner

## सुरक्षित नागरिक आवास कार्यक्रम (छाना फेर्ने कार्यक्रम ) को फारम

### निवेदकले भर्ने

1 घरधनी/निवेदकको नाम: ...........................................................................

2 ठेगाना:

जिल्ला: .............................. गाँउ/नगरपालिका: ........................

वडा नं: ........................... टोल: ........................

3 नागरिकता नं: ............................ जारी भएको जिल्ला: ........................

जारी मिति:.............................

छाना देखिने गरि खिचिएको घर धनि/परिवारको फोटो

4 परिवार सदस्य संख्या:

5 हाल प्रयोगमा रहेको घरको छेत्रफल: .................. वर्ग फिट

6 हाल प्रयोगमा रहेको घरको गारोको विवरण (मिल्ने विवरणमा चिन्ह लगाउने)

- ☐ बाँस, चिरपट वा कपटेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी
- ☐ नामिलेको ढुंगाको गारो बाँस कपटेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो इट्टामा माटोको जोर्ने
- ☐ मिलेको ढुंगाको गारो तथा पाकेका इट्टामा माटो/सिमेन्टको जोर्ने

7 हाल प्रयोगमा रहेको घरको छानाको विवरण (मिल्ने विवरणमा चिन्ह लगाउने)

- ☐ फुस, आसबटेस, स्याउला, प्लास्टिक आदि
- ☐ खपडा, टायल
- ☐ ढलान
- ☐ ककेट पाता , जस्ता पाता

8 घर भएको जग्गाको विवरण (मिल्ने विवरणमा चिन्ह लगाउने)

- ☐ लालपुर्जा भएको
- ☐ गाँउ ब्लक वा स्थानीय तहले सिफारिस दिएको विवाद रहित

9 घर भएको जग्गाको थप विवरण

- ☐ नदि ताल किनारमा बसोबास गरेको

  गरेको भए भने नदि वा तालको नाम: ................

  छेउबाट दुरी: .......................

- ☐ नदि ताल किनारमा बसोबास नगरेको

10 घरधनीको विवरण

- ☐ अति बिपन्न, असहाय, असक्त, बृद्ध, अनाथ बालबालिका, एकल महिला
- ☐ अन्य

  ...........................................................................................................................

माथिको विवरण मेरो जानकारी भए सम्म साचो छन्, झुट्टा/गलत ठहर भए कानुन अनुसार कारबाही भोग्न समेत तयार हुनेछु।

............................
निवेदकको हस्ताक्षर मिति: .................................

=====================================================================================================

### सर्वेक्षकले भर्ने

- ☐ निवेदकले पेश गरेका विवरण सर्वेक्षण गर्दा साचो/ सहि रहेको पाइयो।
- ☐ निवेदकको सामान्य गल्ति सच्याई विवरण निर्णयार्थ पेश गर्दछु/गर्दछौं।

| | |
|---|---|
| ................................<br>सर्वेक्षकको नाम | ................................<br>सर्वेक्षकले हस्ताक्षर |
| ................................<br>सर्वेक्षकको नाम | ................................<br>सर्वेक्षकले हस्ताक्षर |

Scanned with CamScanner